कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

# नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड

## Nepal Micro Insurance Company Limited

Maharjan Complex, Bharatpur, Chitwan
फोन नं. ०५६-४९४३२७, ०१-४५२९३६३
इमेल: info@nepalmicro.com, वेभसाइट: www.nepalmicro.com

## वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडको आफ्नो जारी पूँजी रु ७५,००,००,०००।- (अक्षरेपी पचहत्तर करोड मात्र) को ३०% प्रतिशत अर्थात रु.२२,५०,००,०००।- (अक्षरेपी बाईस करोड पचास लाख मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको २२,५०,००० कित्ता साधारण शेयर मध्ये १०% अर्थात २,२५,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई प्रथम चरणमा मिति २०८१ माघ ०८ गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा **आज मिति २०८१ माघ २२ गते (बैकिङ्ग समय पश्चात्)** उक्त शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

यस निष्काशन कार्यमा संकलन केन्द्रको रुपमा संलग्न सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधार मानी वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि निष्काशन गरिएको साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८१ माघ २२ गते बैकिङ्ग समय पश्चात्** बन्द गर्नुहुन अनुरोध गर्दछौं।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सम्पूर्ण संकलन केन्द्रहरु सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुप्रति धन्यवाद ज्ञापन गर्दछौं।

| दरखास्त दिनुपर्ने न्यूनतम शेयर सख्या : १० कित्ता | दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १००,००० कित्ता |
|---|---|

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु.१००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको।**

| क्र.सं. | विवरणपत्र प्राप्त गर्ने स्थान |
|---|---|
| १. | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड, भरतपुर, चितवन र वेबसाइट www.nepalmicro.com |
| २. | एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेबसाइट www.nimbacecapital.com |
| ३. | नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ। |

### दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान

वैदेशिक रोजगारमा रहेका नेपालीहरुका लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

**नेटवर्थ सम्बन्धी विवरण:**

| विवरण | वास्तविक | अपरिष्कृत वित्तीय | प्रक्षेपित | | |
|---|---|---|---|---|---|
| | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ |
| प्रति शेयर नेटवर्थ रु. | १००.८० | १०१.३६ | १०१.९ | १०३.३३ | १०५.४३ |
| प्रति शेयर आम्दानी रु. | ०.८० | ०.५६ | ००.९५ | १.४३ | २.११ |
| संचित मुनाफा (रु. हजारमा) | १,७९९ | ३,०८८ | ६,२०९ | १०,९२९ | १७,८७६ |

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनुपर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड, काठमाडौंबाट मिति २०८१/०५/०६ मा क्रेडिट रेटिङ्ग गराई **"CARE-NP BB-(Is)"** प्रमाणपत्र प्राप्त गरेको छ। जसले कम्पनीको वित्तीय दायित्व समयमा नै पुरा गर्ने सम्बन्धमा मध्यम रुपमा सुरक्षित रहेको **(Moderate risk of default regarding timely servicing of financial obligations)** मानिन्छ। केयर रेटिङ्ग नेपाल लिमिटेडले **"CARE-NP AAa (Is)"** देखि **"CARE-NP D (Is)"** सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा **"CARE-NP AAa (Is)"** ले बलियो आधार जनाउँछ भने **"CARE-NP D (Is)"** ले कमजोर आधार जनाउँदछ। रेटिङ्ग संकेत पछाडि रहने+ जोड वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ।

**रेटिङ्ग प्राप्त गरेको मिति** : वि.स. २०८१/०५/०६ (सन् २०२४ अगष्ट २२) बहाल रहने मिति वि.सं. २०८२/०५/०६ (सन् २०२५ अगष्ट २२)

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८१ पौष २८ गतेको "आर्थिक अभियान राष्ट्रिय दैनिकमा" प्रकाशित आह्वान-पत्र वा निष्काशन कम्पनीको वेबसाइट www.nepalmicro.com, नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रवन्धकको वेबसाइट www.nimbacecapital.com मा रहेको विवरणपत्र हेर्नुहुन अनुरोध गर्दछौं।

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वः विवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं।**

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

**एनआइएमबि एस क्यापिटल लिमिटेड**

**पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपालब**
**फोन नं. ९७७-१-४५२५२८०**
**E-mail : info@nimbacecapital.com, Website : www.nimbacecapital.com**